कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# इष्टर्न हाइड्रोपावर लिमिटेड
# Eastern Hydropower Limited

ललितपुर महानगरपालिका १०, ललितपुर, बागमती
फोन नं.: ९७७-०१-५५५०९३४
वेबसाइट: www.ehpl.com.np, इमेल: pikhuwakhola5@gmail.com

## आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला अवधि थप गरिएको बारे सूचना

इष्टर्न हाइड्रोपावर लिमिटेडको प्रति शेयर अंकित मूल्य रु.१००/- दरका ६,२०,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्र भोजपुर जिल्लाका सम्पूर्ण स्थायी बासिन्दाका लागि मिति २०७९ भाद्र ०७ गतेदेखि मिति २०७९ भाद्र २१ गतेसम्म (छिटोमा) निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा माग बमोजिम दरखास्त प्राप्त नभएकोले **यही मिति २०७९ भाद्र २८ गते मंगलबारसम्म** निष्काशन तथा बिक्री खुल्ला अवधि थप गरिएको व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण महानुभावहरुलाई जानकारी गराइन्छ।

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्याः १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्याः १,००,००० कित्ता |
|---|---|

**विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना**

| सि.नं. | विवरण-पत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं। वेबसाइट www.nmbcl.com.np |
| २. | इष्टर्न हाइड्रोपावर लिमिटेड, ललितपुर १०, ललितपुर। वेबसाइट www.ehpl.com.np |
| ३. | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np |
| **सि.नं.** | **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :** |
| **आयोजना प्रभावित क्षेत्रमा स्थायी बसोबास गर्ने बासिन्दाहरुको हकमा :** | |
| १. | आयोजना प्रभावित क्षेत्र भोजपुर जिल्लाका स्थानीय बासिन्दाहरुका लागि निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको बैंक तथा वित्तीय संस्थाहरु तथा नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) सदस्यता प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु। |
| | १. एनएमबि बैंक लिमिटेड, भोजपुर शाखा। |
| | २. ग्लोबल आइएमई बैंक लिमिटेड, भोजपुर शाखा। |
| | ३. प्रभु बैंक लिमिटेड, भोजपुर शाखा। |
| | ४. प्रभु बैंक लिमिटेड, हतुवागढी शाखा। |
| | ५. लक्ष्मी बैंक लिमिटेड, भोजपुर शाखा। |

**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु. २/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ।**

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरणः**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ आषाढ मसान्त | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९२.६६ | ७७.८२ | ७२.३३ | ७२.४९ | ८१.४५ | ८८.७१ | ९७.१३ |
| संचित नाफा/(नोक्सान) (रु. हजारमा) | (३४,११४) | (१०३,१३७) | (१३७,२२८) | (१३६,४६३) | (११४,९९०) | (६९,९९५) | (१७,७९१) |
| नेटवर्थमा प्रतिफल (%) | (३.८०%) | (१९.०७%) | (९.५०%) | ०.२१% | ४.२५% | ८.१८% | ८.६७% |
| प्रति शेयर आम्दानी (रु.) | (३.५२) | (१४.८४) | (६.८७) | ०.१५ | ३.४६ | ७.२६ | ८.४२ |
| कोष तथा जगेडा (रु. हजारमा) | (३४,११४) | (१०३,१३७) | (१३७,२२८) | (१३६,४६३) | (११४,९९०) | (६९,९९५) | (१७,७९१) |

**प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरणः**

**संगठित संस्थाको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत रु.२६,११,७४,६९८।८० र आयोजनाको कुल लागत रु.१,३०,५८,७३,४९४ रहेको छ ।**

**विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरणः**

**अनुमतिपत्र बहाल रहने अवधि मिति २०६७/१२/०७ देखि २१०२/१२/०६ सम्म रहेकोले २३ वर्ष बाँकी रहेको छ ।**

**लगानी फिर्ता हुने अवधि सम्बन्धी विवरणः**

**साधारण लगानी फिर्ता अवधि ९.०७ वर्ष तथा डिस्काउन्टेट लगानी फिर्ता अवधि १८.११ वर्ष रहेको छ ।**

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः**

**यस इष्टर्न हाइड्रोपावर लिमिटेडलाई केयर रेटिङ्स् नेपाल लिमिटेडले मिति २०७८/०८/२२ मा "CARE-NP B+(Is) निष्काशनकर्ता रेटिङ्ग" को प्रमाणपत्र प्रदान गरेको छ । CARE-NP B+(Is) ले समयमा वित्तीय दायित्व पुरा गर्न सक्ने सम्बन्धमा उच्च जोखिम रहेको जनाउँदछ (Issuers with this rating are considered to offer high risk of default regarding timely servicing of financial obligations, in Nepal) । केयर रेटिङ्स् नेपाल लिमिटेडले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (Is) ले सकारात्मक आधार जनाउँदछ भने CARE-NP D (Is) ले नकारात्मक आधारहरु जनाउँदछ । उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्षसम्म अर्थात् २०७९/०८/२१ गतेसम्म कायम रहेको छ । सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२(ट) मा उल्लेख गरिएको छ ।**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०७९ श्रावण २९ गतेको "कारोबार" दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.ehpl.com.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.nmbcl.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NMB CAPITAL LIMITED

## एनएमबि क्यापिटल लिमिटेड

नागपोखरी, काठमाडौं, नेपाल ।
फोन नं.: ०१-४४३७९६३
इमेलः info@nmbcl.com.np | वेबसाइटः www.nmbcl.com.np